# स्थानीय राजपत्र

## खैरहनी नगरपालिकाद्वारा प्रकाशित

**खण्ड (४) चितवन, कार्तिक २८, २०७७ साल अंक ५**

## भाग ३

**खैरहनी नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खैरहनी नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**संवत् २०७७ को कार्यविधि नं. ५**

## शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन मापदण्ड, २०७७

खैरहनी नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा भौगोलिक अवस्था, विद्यार्थी संख्या, सञ्चालित कक्षा र विषयगत आधारमा दरबन्दी मिलान गर्न आवश्यक भएकोले शिक्षा ऐन, २०२८ को दफा ११ को उपदफा (५) को खण्ड (च) तथा खैरहनी नगरपालिका शिक्षा ऐन, २०७४ को दफा ३८ को

उपदफा (१) को खण्ड (च) तथा दरबन्दी मिलान तथा समायोजनका आधारहरु, २०७४, शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ तथा दरबन्दी मिलान विद्यालय समायोजन तथा शिक्षक व्यवस्थापन सम्वन्धमा नगर शिक्षा समिति खैरहनी द्धारा गठीत कार्यदलको प्रतिवेदन,२०७६ समेतको आधारमा खैरहनी नगरपालिका भित्रको सामुदायिक विद्यालयको दरबन्दी मिलान गर्न आवश्यक देखि खैरहनी नगरपालिका नगर कार्यपालिकाले "शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन मापदण्ड, २०७७" स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो मापदण्डको नाम "शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन मापदण्ड २०७७" रहेको छ

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क)"ऐन" भन्नाले शिक्षा ऐन २०२८ तथा खैरहनी नगरपालिका शिक्षा ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ख)"नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ तथा नगर शिक्षा नियमावली, २०७५ लाई सम्झनु पर्छ ।

(ग)"नगरपालिका" भन्नाले खैरहनी नगरपालिकालाई सम्झनु पर्छ ।

(घ)"कार्यपालिका" भन्नाले खैरहनी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) "शिक्षा समिति" भन्नाले खैरहनी नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनु पर्दछ ।

(ङ)"प्रमुख" भन्नाले खैरहनी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(च) "प्रधानाध्यापक" भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवारि लिएको शिक्षक सम्झनु पर्छ ।

(छ)"शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शव्दले प्रधानाध्यापक समेतलाई जनाउछ ।

(ज)"विद्यालय" भन्नाले प्रचलित कानून बमोजिम अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेको सामुदायिक विद्यालयलाई जनाउँछ ।

(झ)"दरबन्दी" भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दीलाई सम्झनु पर्छ र सो शव्दले राहत अनुदान समेतलाई जनाउँछ ।

**३. शिक्षक दरबन्दी मिलानः**

(१) नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा आधारभुत तहको प्रारम्भिक बाल शिक्षा देखि कक्षा पाँच सम्म सञ्चालित विद्यालयमा भौगोलिक अवस्था सञ्चालित कक्षा र विद्यार्थी संख्याको आधारमा र आधारभूत तहको कक्षा छ देखि आठ सम्म तथा माध्यमिक तहमा भौगोलिक अवस्था, विद्यार्थी संख्या, सञ्चालित कक्षा र विषयगत आधारमा शिक्षक दरबन्दी मिलानलाई आधारको रुपमा लिने ।

(२) दरबन्दी पुनर्वितरण गर्दा साविकमा रहेका प्राथमिक तह (कक्षा एक देखि पाँच सम्म), निम्न माध्यमिक तह (कक्षा छ देखि आठ सम्म), माध्यमिक तह (कक्षा नौ र दश) र उच्च माध्यमिक तह (कक्षा एघार र बाह्र) लाई आधारका रुपमा लिने ।

(३) दरबन्दी पुनर्वितरण गर्दा नेपाल सरकारले विद्यालयलाई उपलब्ध गराएको प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहको दरबन्दी, राहत अनुदानलाई समेत गणना गर्ने ।

(४) शिक्षक आवश्यक्ताको पहिचान गर्दा प्राथमिक तहमा बचत हुन आउने र निम्नमाध्यमिक, माध्यमि तथा उच्च माध्यमिक तहको दरबन्दी अपुग हुनेहुदा आवश्यक संख्यामा दरबन्दी प्राप्त नहुदा सम्म नपुग हुने दरबन्दी हाल नगरपालिकाको पुलमा रहेको प्राथमिक तहको दरबन्दीबाटै पूर्ति गर्ने ।

(५) कुनै विद्यालयमा माथिल्लो तहमा दरबन्दी अपुग भएको अवस्थामा तल्लोतहमा बढी भएको रहेछ भने सबै तहको शिक्षक दरबन्दी एकमुष्ठ गणनागरी नियमावली बमोजिम न्यूनतम संख्यामा दरबन्दी मिलान गर्ने ।

(६) दरबन्दी मिलान र पुनर्वितरण गर्दा विद्यालयमा बढी भएको शिक्षक दरबन्दी नगरपालिकामा पुलमा राखि शिक्षक दरबन्दी कम भएका विद्यालयमा मिलान तथा पुनर्वितरण गर्ने ।

(७) विद्यालयको विद्यार्थी संख्याको अनुपातमा शिक्षक संख्या बढी भएको अवस्थामा कुनै कारणबाट दरबन्दी रिक्त हुन आएमा दरबन्दी मिलान कार्य सम्पन्न नभएसम्म त्यस्ता विद्यालयको रिक्त पदपूर्ति नगर्ने ।

(८) दरबन्दी मिलान र पुनर्वितरण गर्दा सामाजिक न्याय समानुपातिक वितरण भौगोलिक विषमतालाई ध्यान दिदै गुणस्तरीय शिक्षा प्रवर्द्धनमा जोड दिन विद्यालयमा बढी भएको शिक्षक दरबन्दी तथा विद्यालय समायोजन तथा तह घटेको कारणबाट बढी भएको दरबन्दी नगरपालिकाको पुलमा राखि शिक्षक दरबन्दी कम भएका विद्यालयमा सञ्चालित कक्षा र शिक्षक विद्यार्थी अनुपातको आधारमा मिलान तथा पुनर्वितरण गर्ने ।

**<u>४. दरबन्दी मिलान प्रक्रियाः</u>**

(१) दरबन्दी मिलान गर्दा शैक्षिक सत्र २०७६ को IEMIS मा भरिएको विद्यार्थी संख्या र शैक्षिक सत्र २०७६ को अन्तिम परीक्षामा सम्मिलित भएको कक्षागत विद्यार्थी संख्यालाई जोडी २ ले भाग गर्दा हुन आउने संख्यालाई विद्यार्थी संख्याको आधार मान्ने । उक्त विवरण शिक्षा शाखाले तयार गर्ने ।

(२) विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, अस्थायी दरबन्दी र राहत अनुदान कोटाको संख्यात्मक विवरण शिक्षा शाखाले तयार गर्ने ।

(३) प्राथमिक तहमा विद्यार्थी संख्या, निम्न माध्यमिक र माध्यमिक तहमा विद्यार्थी संख्या र विषयगत आधार साथै उच्च माध्यमिक तहमा तोकिएको न्यूनतम संख्यालाई आधार मानी न्युनतम दरबन्दी कायम गर्ने र बाँकी शिक्षक दरबन्दी नगरपालिका भित्रका विद्यालयमा तहगत विद्यार्थी संख्याको अनुपात तथा विषयगत रुपमा कायम गरिने।

(४) बुँदा नं (३) बमोजिम विद्यालयगत दरबन्दी कायम गर्दा क र ख वर्गका अपाङ्गता भएका शिक्षक मध्ये दृष्टिविहिन र शारीरिक रुपले अशक्त शिक्षकको दरबन्दीलाई विद्यालयमा कायम हुने दरबन्दीमा गणना नगरी नगरपालिकाको पुलमा राखि शिक्षक विद्यार्थी अनुपात बढी भएको विद्यालयमा थप गरीने ।

(५) बुँदा नं (४) बमोजिम अपाङ्गता भएका शिक्षकहरुको दरबन्दी नगर शिक्षा समितिको पुल दरबन्दीमा कायम गरी उक्त दरबन्दीमा कार्यरत शिक्षकलाई आवश्यक्ता अनुसारका विद्यालयमा खटाईनेछ ।

(६) दरबन्दी मिलानको पहिलो चरणमा नगरपालिका भित्रका विद्यालयको दरबन्दी संख्या एकमुष्ट एकिन गरी खुद पुल (बाहिर जाने) दरबन्दी छुट्याउने र उक्त दरबन्दी अनुसार शिक्षक व्यवस्थापन गरी तोकिएको निकायमा पठाउने ।
(७) दोश्रो चरणमा एकिन भएको पुल दरबन्दीलाई विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात हेरी आवश्यक्ताको आधारमा विद्यालयहरुमा वितरण गर्ने र कक्षागत रुपमा शैक्षिक सत्र २०७७ को विद्यार्थी संख्यालाई आधार मान्ने ।

**<u>५. पुल दरबन्दी सम्बन्धी व्यवस्थाः</u>**

(१) शिक्षा ऐन तथा निमावलीमा तोकिएको शिक्षक विद्यार्थी अनुपातमा प्राथमिक तहमा बढी भएको शिक्षक दरबन्दी र निम्नमाध्यमिक तथा माध्यमिक तहमा विषयगत आधारमा बढी भएको शिक्षक दरबन्दीलाई पुल दरबन्दीको रुपमा नगरपालिकामा राख्ने ।
(२) **<u>माथिल्लो तहमा गणना हुने पुल दरबन्दीः</u>** वुदा नं ५.१ बमोजिम पुल दरबन्दीलाई सोही विद्यालयको निम्नमाध्यमिक, माध्यमिक (कक्षा एघार र बाह्र समेत) तहमा शिक्षक दरबन्दी अपुग भएको अवस्थामा त्यसरी बाँकी भएको पुल दरबन्दी मध्ये माथिल्लो तहमा आवश्यक हुने दरबन्दी समेतलाई गणना गर्ने ।
(३) **<u>खुद पुल दरबन्दी सम्बन्धी व्यवस्थाः</u>** वुदा नं ५.१बमोजिम कायम भएको पुल दरबन्दीमा माथिल्लो तहको अध्यापन हुने विद्यालयहरुमा शिक्षक नपुग भएमा वुदा नं ५.२ बमोजिम माथिल्लो तहमा गणनाहुने पुल दरबन्दी कट्टा गरी बचत हुन आउने दरबन्दीलाई खुद पुल दरबन्दी मानिनेछ र यस्तो दरबन्दी जिल्लाको पुल दरबन्दीमा पठाउने ।
(४) **<u>खुद पुल दरबन्दी अन्यत्र पठाउनेः</u>** नगरपालिकाको लागि एकिन भएको दरबन्दीबाट विद्यालयहरुमा दरबन्दी मिलान गरीसकेपछी जिल्लाको पुलमा रहने भनि कायम गरिएको खुद पुल दरबन्दीलाई जिल्लामा पठाउदा रिक्त रहेको दरबन्दीलाई प्राथमिकता दिने ।

**<u>६. शिक्षक व्यवस्थापनका आधारहरुः</u>**

(१) पुल र खुद पुलमा रहेको दरबन्दी पुनर्वितरण गर्दा देहायको प्राथमिकताको आधारमा शिक्षकको स्थान्तरण र पदस्थापन गर्नेः
(क) खुद पुलमा रहेको दरबन्दी स्थान्तरण गर्दा सम्भव भए सम्म रिक्त रहेको राहत अनुदानलाई स्थान्तरण गर्ने ।
(ख) राहत अनुदान स्थान्तरण गर्दा गर्दा पनि खुद पुल दरबन्दी बाँकी भएमा रिक्त दरबन्दीलाई स्थान्तरण गर्ने ।
(ग) खुद पुल दरबन्दी पुनर्वितरण गरेको वा गरिने स्थानीय तहमा स्वेच्छिक रुपमा जानचाहने शिक्षकको लागि निवेदन आव्हान गरी प्राप्त निवेदनको छानविन गरी उपयुक्तता समेत हेरी स्थान्तरण गर्ने ।
(घ) यसरी शिक्षकको स्थान्तरण गर्दा महिला शिक्षकलाई यथासक्य घरपायक पर्नेगरी स्थान्तरण गर्ने । निवेदन दिने शिक्षकको संख्या धेरै हुन आएमा महिला शिक्षकलाई प्राथमिकता दिई बाँकी दरबन्दीको हकमा शिक्षकको नियुक्ती मितिको जेष्ठताको आधारमा स्थान्तरण गर्ने ।

(ङ) करारमा कार्यरत शिक्षकलाई निजले लिएको नियुक्ती मितिको आधार लिई कनिष्टताको आधारमा स्थान्तरण गर्ने ।

(च) राहत अनुदानमा कार्यरत शिक्षकलाई निजको नियुक्ति मितिलाई आधार लिई कनिष्टताको आधारमा स्थान्तरण गर्ने ।

(छ) जिल्लान्तर सरुवा भई आएका शिक्षकको हकमा नेपालको संविधान जारी भएको मिति सम्वत २०७२ साल असोज ३ गते सम्मको कनिष्टताको प्राथमिकताक्रम तयार गरी निजहरुको स्थान्तरण गर्ने ।

(ज) यसरी स्थान्तरण गर्दा खुद पुल दरबन्दी वितरण गर्न बाँकी रहेमा स्थायी शिक्षकको नियुक्ति मितिको आधारमा कनिष्टताको क्रममा निर्धारण गरी कनिष्टताबाट स्थान्तरण गर्ने ।

## ७.नगरपालिका भित्र गरिने शिक्षक व्यवस्थापनको आधारः

(क) नगरपालिका भित्रका विद्यालयमा शिक्षक मिलान गर्दा पहिलो चरणमा दरबन्दी काटिने र थपिने विद्यालयको सूचि प्रकाशन गर्ने ।

(ख) दरबन्दी कटौतीमा परेका विद्यालयका शिक्षकलाई दरबन्दी थपिने विद्यालयहरुमा जान स्वैच्छिक रुपमा निवेदन दिन आव्हान गर्ने ।

(ग) त्यसरी निवेदन दिने शिक्षकहरुमध्ये महिला र अपाङ्ग शिक्षकलाई सरुवामा पहिलो प्राथमिकता दिने र निवेदन दिने शिक्षकको संख्या थपिने दरबन्दीको संख्या भन्दा बढी भएमा शिक्षकको नियुक्ती मितिको जेष्ठताको आधारमा स्थान्तरण गर्ने ।

(घ) आधारभूत तह (६–८) र माध्यमिक तह (९–१२) का शिक्षक सरुवा गर्दा विषयगत रुपमा न्यूनतम दरबन्दी कायम गरी थप विषयका कनिष्ट शिक्षकलाई स्थान्तरण गर्ने ।

तर,यसरी शिक्षकको स्थान्तरण गर्दा महिला र अपाङ्ग शिक्षकलाई यथासक्य पायक पर्ने गरी स्थान्तरण गर्ने ।

(ङ) माध्यमिक तह (९–१२) सञ्चालित विद्यालयमा दरबन्दी थप भएमा स्नातकोत्तर उत्तीर्ण शिक्षकलाई सकेसम्म माध्यमिक विद्यालयमा स्थान्तरण भई आउन प्राथमिकता दिने ।

(च) दरबन्दी मिलान गर्दा विद्यार्थी संख्याका आधारमा दरबन्दी कायम गरी वाँकी दरबन्दी नगर शिक्षा समितिको पुल दरबन्दीमा हुने र त्यसरी पुल दरबन्दीमा रहने शिक्षकलाई विद्यार्थी संख्या र विषयगत आवश्यक्ताका आधारमा अन्य विद्यालयमा काजमा खटाउने ।

## ८.स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षकको आवधिक सरुवाः

(क) एउटा विद्यालयमा कम्तिमा तीन बर्ष सेवा गरेको शिक्षकलाई सम्भव भए सम्म नगर शिक्षा समितिले नगरपालिका भित्रको अर्को विद्यालयमा सरुवा गर्ने व्यवस्था गर्ने । यसरी सरुवा गर्दा विद्यालय व्यवस्थापन समिति तथा सम्बन्धीत वडा अध्यक्षको आवश्यक सल्लाह र सुझाव लिने ।

(ख) यसरी सरुवा गर्दा माध्यमिक र निम्नमाध्यमिक शिक्षकलाइ विषय मिल्ने गरी मात्र सरुवा गर्ने ।

(ग) यसरी सरुवा गर्दा अपाङ्गता भएका शिक्षक र अनिवार्य अवकाश हुन एक वर्षभन्दा कम अवधि बाँकी रहेका शिक्षकलाई निजको चाहना विना सरुवा नगर्ने ।

**९.विद्यालयगत दरबन्दी कायम गर्ने आधारहरुः**

क बाल विकास केन्द्रः

- प्रत्येक बाल विकास केन्द्रमा न्यूनतम १ बालविकास कोटा कायम गर्ने ।
- बालबालिका संख्या बढी भएमा थप २० जना को लागि १ कोटा थप गर्न सकिने ।

ख आधारभूत तह कक्षा १-३

- २० देखि ५० जना सम्म विद्यार्थी संख्या भएमा २ दरबन्दी कायम गर्ने ।
- ५१ देखि १०० जना सम्म विद्यार्थी संख्या भएमा ३ दरबन्दी कायम गर्ने ।
- १०० जना भन्दा माथि विद्यार्थी संख्या भएमा शिक्षक विद्यार्थी अनुपातको आधारमा थप ५० जनाको लागि १ दरबन्दी थप गर्ने ।
- तर शिक्षा नियमावली अनुसार कक्षा १-३ मा विद्यार्थी संख्या जति भएपनि न्यूनतम कायम गर्ने भनि तोकिएको २ दरबन्दी नघटाउने ।

ग आधारभूत तह १-५

- ३० देखि ८० जना सम्म विद्यार्थी संख्या भएमा ३ वटा दरबन्दी कायम गर्ने ।
- ८१ देखि १२५ जना सम्म विद्यार्थी संख्या भएमा ४ दरबन्दी कायम गर्ने ।
- १२६ देखि १७५ जना सम्म विद्यार्थी संख्या भएमा ५ शिक्षक दरबन्दी कायम गर्ने ।
- १७६ जना भन्दा माथि विद्यार्थी संख्या भएमा शिक्षक विद्यार्थी अनुपातको आधारमा थप ५० जनाको लागि १ दरबन्दी थप गर्ने ।
- १-५ सञ्चालन भएको कुनै कक्षामा ७१ वा सो भन्दा बढी विद्यार्थी भएमा त्यस्ता प्रत्येक कक्षाको थप सेक्सनको लागि १ दरबन्दी कायम गर्ने ।
- तर शिक्षा नियमावली अनुसार कक्षा १-५ मा विद्यार्थी संख्या जति भएपनि न्यूनतम कायम गर्ने भनि तोकिएको ३ दरबन्दी नघटाउने ।
- यसरी दरबन्दी कायम गर्दा बाँकी रहेको दरबन्दीलाई नगरपालिकाको पुलमा राखि नि.मा.वि.,मा.वि. र उच्च मा.वि तहमा सोही तहको दरबन्दी प्राप्त नहुदा सम्म प्राथमिक तहको काटिने तर माथिल्लो तहमा थपिने भए सोही विद्यालयमा छोडने र त्यसो गर्दा पनि थप गर्न नपुग भएमा अन्य विद्यालयको काटिने दरबन्दीबाट थप गर्ने ।

घ आधारभूत तह कक्षा ६-८

- कक्षा ६ सञ्चालन भएमा न्यूनतम १ शिक्षक दरबन्दी कायम गर्ने
- ५० जना भन्दा बढी विद्यार्थी भएमा थप ५० जना विद्यार्थीका लागि १ दरबन्दी थप गर्ने
- कक्षा ६-७ सञ्चालन भएमा न्यूनतम २ शिक्षक दरबन्दी कायम गर्ने
- ५० जना भन्दा बढी विद्यार्थी भएमा प्रत्येक थप ५० जना विद्यार्थीका लागि १ दरबन्दी थप गर्ने
- कक्षा ६-८ सञ्चालन भएमा न्यूनतम ४ शिक्षक दरबन्दी कायम गर्ने ।
- न्यूनतम ४ शिक्षक दरबन्दीमा अंग्रेजी,गणित/विज्ञान,नेपाली र सामाजिक विषयको दरबन्दी कायम गर्ने ।

- १५० जना भन्दा बढी विद्यार्थी संख्या भएमा शिक्षक विद्यार्थी अनुपातको आधारमा थप ५० जनाको लागि १ दरबन्दी थप गर्ने ।
- यसरी दरबन्दी कायम गर्दा कुनै विद्यालयको कक्षा ६,७ र ८ मा कक्षागत विद्यार्थी संख्या ७१ वा सो भन्दा बढी भएमा त्यस्तो हरेक कक्षामा थप १ सेक्सनका लागि १ दरबन्दीका दरले थप गर्ने ।
- यसरी वितरणगर्दा दरबन्दी बाँकी रहेमा कक्षा ६-८ मा शिक्षक विद्यार्थी अनुपात बढी भएका विद्यालयहरु लाई क्रमश उपलव्ध गराउने ।
- यसरी दरबन्दी कायम गर्दा प्रति कक्षा १२ जना भन्दा कम विद्यार्थी भएका विद्यालयको दरबन्दी पुलमा राखि विद्यालय पुनः नक्शाङ्न गरी समायोजन तथा कक्षा घटाउने कार्य नभए सम्म शिक्षकलाई सोही विद्यालयमा काजमा खटाउने ।
- दरबन्दी मिलान गर्दा सकभर विषयगत मिलान हुने गरी गर्ने ।
- उल्लेखित आधार अनुसार दरबन्दी कायम गर्दा नपुग हुने नि.मा.वि.दरबन्दी थप नभएसम्मका लागि नगरपालिकाको पुलमा रहेको प्राथमिक तहको दरबन्दीबाट उपलव्ध गराउने ।

ङ माध्यमिक तह कक्षा ९-१०

- कक्षा ९-१० सञ्चालन भएका विद्यालयमा न्यूनतम ५ शिक्षक दरबन्दी कायम गर्ने ।
- न्यूनतम ५ शिक्षक दरबन्दीमा अग्रेजी, विज्ञान, गणित, नेपाली र सामाजिक विषय कायम गर्ने ।
- १०० जना भन्दा माथि प्रत्येक थप ५० जना विद्यार्थी बराबर एक सेक्सन थप हुने गरी प्रति थप सेक्सनका लागि २ दरबन्दी थप गर्ने ।
- प्रत्येक थप सेक्सनका लागि कम्तिमा ७१ जना वा सो भन्दा बढी विद्यार्थी हुनु पर्नेछ ।
- यसरी दरबन्दी कायम गर्दा बढी भएको मा.शि. दरबन्दी कक्षा ९-१० सञ्चालन भई विद्यार्थी शिक्षक अनुपात बढी भएको विद्यालयलाई क्रमश उपलव्ध गराउने । यसरी दरबन्दी मिलान गर्दा सम्भव भए सम्म शिक्षा नियमावलीमा तोकिए बमोजिम विषयगत दरबन्दी हुने गरी कायम गर्ने ।
- कायम गरिए बमोजिमको मा.शि.दरबन्दी उपलव्ध नभएसम्म नपुग दरबन्दी संख्या बराबरको दरबन्दी प्रा शि पुल दरबन्दीबाट सट्टा दरबन्दीको रुपमा उपलव्ध गराउने ।

च माध्यमिक कक्षा ११-१२

- कक्षा ११-१२ सञ्चालित विद्यालयको लागि न्यूनतम ३ अनुदान कोटा कायम गर्ने ।
- न्यूनतम ३ अनुदान कोटा नपुग भएमा थप अनुदान कोटा उपलव्ध नभए सम्म प्राथमिक तहमा बढी भई पुलमा रहेको दरबन्दीबाट सट्टा दरबन्दीको रुपमा उपलव्ध गराउने ।

**१०. शिक्षक स्थान्तरण भएको स्थानमा जानुपर्नेः** यस आधार बमोजिम स्थान्तरण भएका शिक्षकहरु प्रचलित कानूनले तोकेको समयभित्र स्थान्तरण भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनु पर्नेछ । यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षकहरुलाई सम्बन्धित विद्यालयले हाजिर गराउन बाध्य हुने छैन ।

**१**१**. विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्नेः** दरबन्दी सहित वा यस आधार बमोजिम स्थान्तरण भई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्नेछ ।

**१२. प्रधानाध्यापक जिम्मेवार हुनेः** यस आधार बमोजिम दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको कार्यबाट स्थान्तरण भई आएका शिक्षकलाई विद्यालयमा हाजिर गराउने तथा स्थान्तरण भई जाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

**१३. समन्वय र सहजीकरणः** दरबन्दी पुनर्वितरण र व्यवस्थापनको सन्दर्भमा आफ्नो विद्यालयबाट दरबन्दी कट्टा हुने अवस्था भएमा वा आफ्नो विद्यालयमा शिक्षक स्थान्तरण भई आएमा उक्त कार्यका लागि सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले समन्वय र सहजीकरण गर्नु पर्नेछ ।

**१४. समन्वय तथा सहयोग गर्नु पर्नेः** नेपाल शिक्षक महासंघ तथा शिक्षकको पेशागत संघ संगठनहरुले शिक्षक दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको लागि नगरपालिकाले गरेको कार्यमा आवश्यक समन्वय तथा सहयोग गर्नु पर्नेछ ।

**१५. उजुरीः** (१) यस मापदण्ड बमोजिम भएका काम कारवाही सम्वन्धमा चित्त नबुझेमा नगरपालिका समक्ष उजुरी गर्न सकिनेछ ।

(२) उप नियम (१) बमोजिम परेको उजुरीको कारवाही र किनारा नगर शिक्षा समितिले गर्नेछ ।

**१६. अधिकार प्रत्यायोजनः** यस मापदण्ड नसमेटिएका विषयवस्तुलाई सम्वोधन गर्ने वा यस मापदण्डमा प्रष्ट नभएका कुनै विषयमा बाधा अड्काउ फुकाउन परेमा सोको अधिकार नगर प्रमुखलाई हुनेछ ।

**१७. मापदण्डको व्याख्याः** यस मापदण्डको व्याख्या सम्वन्धमा कुनै द्विविधा भएमा नगर शिक्षा समितिले गरेको व्याख्या अन्तिम हुनेछ ।